जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ८० २०८३ साल कात्तिक ७ गते शनिबार (24 Oct 2026 Saturday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

*यस अंक भित्र :* २ पृष्ठमा : दशैंको रौनकसँगै एनपिएल... ३ पृष्ठमा : पठन संस्कृतिको ... ३ पृष्ठमा :तिब्बतमा भूकम्प, १६ जनाको ...

# छिमेकीमाथि कुटपिट गरेको आरोपमा दुई युवक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ६ कात्तिक ।**

सप्तरीको कञ्चनरुप नगरपालिका ८ मा छिमेकीमाथि कुटपिट गरेको आरोपमा दुईजनालाई प्रहरीले पक्राउ गरेको छ ।

स्थानीय बर्ष १९ का हिमेश पासवान र सोही स्थानका बर्ष १९ का श्रीचन्द्र मण्डललाई कुटपिटमा संलग्न रहेको आरोपमा प्रहरीले पक्राउ गरेको हो ।



उनीहरुले छिमेकी बर्ष १८ का राहुल सरबरिया, बर्ष १९ को श्रवण सदा र बर्ष १८ का राजु सदालाई कुटपिट गरि घाइते बनाएको आरोप छ ।

बुधबार कञ्चनरुप ८ स्थित विधुत कार्यालय अगाडि झै-झगडा कुटपिट भएको खबर प्राप्त भएपछि इलाका प्रहरी कार्यालय कंचनपुरबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक विजय कार्कीले बताए ।

कुटपिटमा घाइते तीनै जनाको उपचार भइरहेको र उनीहरुको अवस्था मध्यम रहेको प्रहरी निरीक्षक कार्कीले जानकारी दिए ।

पक्राउ परेका युवाहरू विरुद्ध ज्यान मार्ने उधोग कसुरमा मुद्दा दर्ता गरी जरुरी पक्राउ पुर्जी दिई सप्तरी जिल्ला अदालत राजविराजबाट समर्थन लिएर अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# आपराधिक लाभ र बाल यौनदुरुपयोगको कसुरमा संलग्न चार जना पक्राउ

जनकपुर, ६ कात्तिक (रासस) ।

प्रहरीले आपराधिक लाभ लिन खोजेको तथा बाल यौनदुरुपयोगको कसुरमा संलग्न रहेको आरोपमा चार जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी ओमप्रकाश खनालले घटनामा संलग्न रहेको आरोपमा प्रहरीले जनकपुरधाम उपमहानगरपालिका-२० का २३ वर्षीय सुकन महतो, २६ वर्षीय सन्तोषकुमार दास, २२ वर्षीय पनेशकुमार महतो र ३० वर्षीय सुजित महतोलाई पक्राउ परेको जानकारी दिनुभयो ।

उहाँका अनुसार जनकपुरधाम उपमहानगरपालिका-२० मा एक बालिका र एक युवकमाथि दुर्व्यवहार गर्दै भिडियो बनाई सामाजिक सञ्जालमा सार्वजनिक गरिदिने धम्की दिएको सूचनाका आधारमा प्रहरीले अनुसन्धान अघि बढाएको थियो । आरोपितहरूले पीडितलाई घेरा हाली भिडियो बनाउनुका साथै उक्त भिडियो सामाजिक सञ्जालमा अपलोड गरिदिने धम्की दिएका थिए ।

उनीहरूले अभिभावकलाई फोन गरी धम्क्याउँदै मोबाइल बैंकिङमार्फत रु छ हजारसमेत स्थानान्तरण गर्न लगाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ । प्रहरीले उनीहरूको साथबाट ज १२ प ७७७७ र मधेश प्रदेश ०२-०१ प २९०२ नम्बरका दुई मोटरसाइकलसमेत नियन्त्रणमा लिएको जनाएको छ ।

पक्राउ परेका व्यक्तिहरूमाथि आपराधिक लाभ लिन नहुने तथा बाल यौनदुरुपयोगसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# यसवर्ष दशैमा उपत्यकामा सवारी दुर्घटना घट्यो

काठमाडौँ, ६ कात्तिक (रासस) ।

दसैँका समयमा काठमाडौँ उपत्यकामा सवारी दुर्घटनामा उल्लेख्य कमी आएको छ । गत वर्षको दसैँमा १५५ वटा सवारी दुर्घटना हुँदा १० जनाको मृत्यु भएकामा यस वर्ष दुर्घटनाको सङ्ख्या घटेर १०५ पुगेको छ भने दुर्घटनामा परी तीन जनाको ज्यान गएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार गत वर्षको तुलनामा यस वर्ष सवारी दुर्घटना ५० वटाले घटेको छ । त्यसैगरी, दुर्घटनामा परी मृत्यु हुनेको सङ्ख्या पनि सात जनाले घटेको छ । यसले चाडपर्वका समयमा सडक सुरक्षामा गरिएको तयारी र निगरानी प्रभावकारी भएको देखाएको ट्राफिक प्रहरीको भनाइ छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले यस वर्ष भएका अधिकांश दुर्घटना दुईपाङ्ग्रे सवारीसाधनसँग सम्बन्धित रहेको जानकारी दिनुभयो । उहाँका अनुसार तीव्र गतिका कारण सवारीसाधन अनियन्त्रित हुँदा दुर्घटना हुने गरेका छन् ।

प्रवक्ता सुवेदीले ट्राफिक प्रहरीले पूर्वतयारीसहित योजनाबद्ध रूपमा काम गरेकाले सडक सुरक्षामा सुधार आएको बताउनुभयो । यातायात व्यवसायी, मजदुर तथा सम्पूर्ण सरोकारवालाको एकीकृत प्रयासले नागरिकलाई सुरक्षित यात्रा गर्न सहज भएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "ट्राफिक प्रहरीले पूर्वतयारीसहित योजनाबद्ध तवरले काम गर्दा सडक सुरक्षित भएको छ । यातायात व्यवसायी, मजदुर साथीहरू र सम्पूर्ण सरोकारवालाको एकीकृत प्रयासले नागरिकले सुरक्षित यात्रा गरिरहेका छन् ।"

दुर्घटना भइराखेको अवस्थामा तत्काल उद्धार तथा प्रभावकारी उपचारको व्यवस्था गरिएकाले घाइतेको ज्यान बचाउन सहयोग पुगेको उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले बताउनुभयो । उहाँका अनुसार सडक सुरक्षालाई प्राथमिकतामा राख्दै ट्राफिक सहित जनपथ प्रहरीले नियमित सुरक्षा जाँच, अनुगमन तथा संयुक्त जाँचलाई प्रभावकारी रूपमा सञ्चालन गरेको थियो ।

चाडपर्वका समयमा सवारीसाधनको आवागमन बढ्ने र चालकको लापरबाही तथा तीव्र गतिका कारण दुर्घटनाको जोखिम रहने भएकाले ट्राफिक प्रहरीले विशेष सुरक्षा योजना लागू गरेको थियो । विभिन्न स्थानमा गरिएको जाँच, निगरानी तथा प्रहरी परिचालनले दुर्घटना न्यूनीकरणमा सहयोग पुगेको ट्राफिक प्रहरीको भनाइ छ ।

यस वर्ष दसैँका समयमा दुर्घटना र त्यसबाट हुने मानवीय क्षतिमा कमी आउनु सकारात्मक पक्ष भए पनि तीव्र गति र दुईपाङ्ग्रे सवारीसाधनसँग सम्बन्धित दुर्घटनाले सडक सुरक्षामा थप सतर्कता आवश्यक रहेको देखाएको छ । ट्राफिक प्रहरीले चालकलाई गति नियन्त्रण गर्न, ट्राफिक नियम पालना गर्न र सुरक्षित रूपमा सवारीसाधन चलाउन आग्रह गरेको छ ।

**विज्ञापन कारोबार व्यवस्थित गरौं**

- विज्ञापन सम्बन्धी कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरू प्रचलित कानून बमोजिम विज्ञापन बोर्डमा सूचीकरण गराऔं,
- सूचीकरण भएका सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरू प्रत्येक वर्ष तोकिएको समयभित्र नवीकरण गराऔं,
- सूचीकरण तथा नवीकरणका लागि आवश्यक विवरण र कागजात अद्यावधिक गरौं,
- विज्ञापन कारोबारलाई व्यवस्थित, पारदर्शी, मर्यादित र जवाफदेही बनाऔं,
- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा प्रचलित नियम, कानून तथा मापदण्डको पालना गरौं,
- भ्रामक, झुटा, अतिरञ्जित तथा उपभोक्ताको हितविपरीतका विज्ञापनको प्रचार-प्रसार नगरौं,
- विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन एजेन्सीबीचको कारोबारलाई पारदर्शी र अभिलेखयोग्य बनाऔं,
- सूचीकरण र नवीकरण केवल कानूनी प्रक्रिया मात्र होइन, जिम्मेवार विज्ञापन कारोबारको आधार हो भन्ने कुरा आत्मसात गरौं ।

**जिम्मेवार विज्ञापन बजार निर्माणमा सहयोग गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# दशैंको रौनकसँगै एनपिएल क्रिकेटले बढाएको उमङ्ग

राजु सिलवाल
काठमाडौं, ६ कात्तिक (रासस) ।

दसैंको रौनकसँगै नेपाल प्रिमियर लिग एनपिएल क्रिकेटको तेस्रो संस्करण अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आइसिसी)को औपचारिक मान्यतासहित काठमाडौंमा आयोजना हुने भएपछि नेपाली क्रिकेटप्रेमीहरू थप उत्साहित बन्न पुगेका छन् । आइसिसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत ओमानमा भएको प्रतिस्पर्धामा शीर्ष छ मा रही एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता जोगाउँदै उच्च मनोबलका साथ स्वदेश फर्केका नेपाली राष्ट्रिय टिमका खेलाडीहरू अब विभिन्न आठ फेन्चाइज टिममा संलग्न भई एनपिएल क्रिकेटमा प्रतिस्पर्धा गर्दैछन् ।

नेपालमा व्यावसायिक खेलकुदको जग बसाउने क्रममा महत्त्वपूर्ण भूमिका खेलिरहेको 'एनपिएल क्रिकेट २०२६' का लागि आइसिसीको मान्यताले समग्रमा नेपालको क्रिकेटको विकासका लागि महत्त्वपूर्ण योगदान पुग्नुका साथै एनपिएललाई अन्तर्राष्ट्रियस्तरमा थप स्थापित गर्न सहयोग हुने विश्वास गरिएको छ । परिवार तथा आफन्तसँगको भेटघाट र चाडपर्वको उल्लाससँगै नेपाली खेलप्रेमीहरूले अर्को उत्सवका रूपमा एनपिएल क्रिकेटलाई लिएका छन् । परिवारसँग बसेर खेल हेर्ने नयाँ संस्कृतिको विकास हुने भएको छ ।

नेपाली क्रिकेटको सबैभन्दा प्रतीक्षित फ्रेन्चाइज प्रतियोगिताले खेलप्रेमीहरूमा उमङ्ग थपेको छ । नेपालमा वर्षभरिमा दसैंको मौसम सबैभन्दा उपयुक्त मानिएको छ । आउँदै गरेको तिहारको उल्लासका साथै चिसो विस्तारै सुरु हुँदै गएको अवस्थामा क्रिकेटको माहोलले वातावरण विस्तारै तताउँदै जाने विश्वास गरिएको छ । काठमाडौंको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा नेपालका सबै प्रदेशको प्रतिनिधित्व गरेका विभिन्न आठ टोलीबीचको प्रतिस्पर्धा र समर्थकको उत्साहले एनपिएललाई केवल क्रिकेट प्रतियोगितामा सीमित नराखी नेपाली खेलकुदको एउटा विशेष पर्वका रूपमा स्थापित गर्ने विश्वास गरिएको छ ।

दसैं र तिहारको बीचमा एनपिएल परेकाले यसले दर्शकहरूको उपस्थितिमा असर पर्ने आँकलन पनि गरिएको छ । तर नेपाल क्रिकेट सङ्घ (क्यान)ले भने अन्तर्राष्ट्रिय क्रिकेट क्यालेन्डर, अन्य फ्रेन्चाइज लिगहरू र विदेशी खेलाडीहरूको उपलब्धतालाई ध्यानमा राखेर मिति तय गर्दा दसैं-तिहारको समय उपयुक्त देखिएको जनाएको छ । एनपिएल लगत्तै नेपालमा पहिलोपटक 'यु १९ महिला विश्वकप' पनि हुने भएकाले नेपालप्रति विश्वको ध्यान निरन्तर आकृष्ट हुने विश्वास गरिएको छ ।

एनपिएलको तेस्रो संस्करणले नेपाली क्रिकेटमा नयाँ उत्साह र नयाँ सम्भावनाको खोजी गर्नेछ । नेपाली खेलाडीका लागि आफ्नो क्षमता प्रदर्शन गर्ने यो महत्त्वपूर्ण अवसरमा क्रिकेट समर्थकहरूले नेपाली तथा ख्यातिप्राप्त विदेशी खेलाडीहरूको रोमाञ्चक खेल हेर्ने अवसर प्राप्त गर्ने छन् । नेपाली क्रिकेटका लागि व्यावसायिकताको नयाँ अध्याय थप्ने अवसरका रूपमा यस संस्करणलाई लिन सकिन्छ ।

**तेस्रो संस्करण विशेष**

यही कात्तिक ९ गतेदेखि सुरु हुन गइरहेको एनपिएलको तेस्रो संस्करण नेपालको खेलकुद इतिहासमा ऐतिहासिक बन्ने अपेक्षा गरिएको छ । एनपिएल २०२६ ले आइसिसीको आधिकारिक मान्यता पाएर आधिकारिक टी २० को हैसियत प्राप्त गर्नु सामान्य सन्दर्भ होइन । हाललाई सन् २०२६ को प्रतियोगितालाई मात्र औपचारिक मान्यता दिइएता पनि यसपालिको प्रतियोगिताको समग्र पक्ष सन्तोषजनक रूपमा सम्पन्न भएमा आगामी दिनमा एनपिएलको आधिकारिक मान्यताले निरन्तरता पाउने सम्भावना देखिन्छ ।

**आइसिसी एशिया सम्मेलन**

एनपिएल सञ्चालन भइरहँदा काठमाडौंमा क्रिकेटसँग सम्बन्धित आइसिसी एशिया सम्मेलन पनि आयोजना हुनु अर्को सुखद पक्ष मानिएको छ । आगामी मङ्सिर ३ गतेदेखि ५ गतेसम्म आयोजना गरिने उक्त सम्मेलनमा एशियाका टेष्ट क्रिकेट खेल्ने सबै मुलुकका पदाधिकारीका साथै एशोशिएट राष्ट्रका प्रतिनिधिहरूको समेत सहभागिता रहनेछ । उनीहरूले एनपिएलको मङ्सिर ६ गते हुने फाइनललगायत अन्य खेल हेर्ने कार्यक्रम रहेकाले यसबाट नेपालको क्रिकेटको थप सम्भावनाका ढोका खुल्न जाने अपेक्षा गरिएको छ । अन्य टेष्ट मान्यता प्राप्त मुलुकबाट समेत एनपिएल हेर्न प्रतिनिधि• हरू नेपाल आउँदैछन् ।

**पहिलोपटक डिआरएसको प्रयोग**

एनपिएलमा पहिलोपटक नेपालमा डिसिजन रिभ्यु सिस्टम (डिआरएस) प्रयोग गरिने भएको छ । अम्पायरले गरेको निर्णय पुनरावलोकन गर्न सकिने यो प्रविधि प्रयोग भएपछि प्रतियोगिताको निष्पक्षता र विश्वसनियता अझ बढ्न जाने विश्वास गरिएको छ । विश्वका प्रायः महत्त्वपूर्ण क्रिकेट प्रतियोगिताहरूमा डिआरएस प्रविधिको प्रयोग भएपछि खेलाडीहरूले उचित निर्णय पाउँदै आएका छन् ।

**विदेशी खेलाडी बढे**

एनपिएलका लागि विभिन्न टिमहरूबीच अनुभवी विदेशी खेलाडीलाई आकर्षक पारिश्रमिक दिएर अनुबन्ध गराउने होडबाजी चलेको बेला विदेशी खेलाडी बढी सङ्ख्यामा खेलाउन पाइने भएपछि टिमहरूलाई अझ सहज भएको छ । अघिल्ला संस्करणमा प्रत्येक सहभागी टिममा चारदेखि छ जनासम्म विदेशी खेलाडी समावेश गर्न पाइने व्यवस्था थियो । तर अब हरेक टिमले छदेखि आठ जनासम्म विदेशी खेलाडी राख्न पाउने भएका छन् । यस अनुसार टेष्ट खेल्ने मुलुकका बढीमा सात जनासम्म खेलाडी टिममा राख्न पाइनेछ । यसमा एकजना एशोशियट राष्ट्रका खेलाडी हुनु पर्नेछ । प्रत्येक टिममा सात जना नेपाली खेलाडी हुनु पर्नेछ । गत छ महिनाको अवधिमा आइसिसीबाट अनुमति नलिएका प्रतियोगितामा खेलेका खेलाडीले एनपिएल खेल्न पाउने छैनन् । विदेशी खेलाडी तथा सन्यास लिइसकेका खेलाडीले समेत आफ्नो गृह क्रिकेट बोर्डसंग समन्वय गरेर अनुमति लिनु पर्ने व्यवस्था गरिएको छ ।

**नेपालीलाई लाखौं पारिश्रमिक**

एनपिएल २०२६ मा प्रत्येक फ्रेन्चाइज टिममा टिममा सहभागी हुने नेपालीहरूले पनि लाखौं रुपैया पारिश्रमिक लिएर खेल्ने अवसर प्राप्त गरेका छन् । एउटा टिममा बढीमा १६ जना खेलाडी समावेश हुनसक्ने नियम रहेको छ । यसमा एक-एक जना नेपाली राष्ट्रिय क्रिकेट टिमका स्थापित खेलाडीहरूलाई मार्की खेलाडीका रूपमा आबद्ध गरिएको छ । अन्य खेलाडीहरूको चयन अगाडि नै मार्की खेलाडीहरूलाई टिममा समावेश गरिएको थियो । उनीहरूका लागि न्यूनतम् मूल्य २० लाख रुपैया तोकिएको थियो ।

यस्तै अन्य नेपाली खेलाडीहरूलाई ए, बी र सी श्रेणी अनुसार बोलकबोल गरेर टिममा अनुबन्धित गरिएको थियो । फ्रेन्चाइज टोलीहरूले नेपाली खेलाडीलाई बढीमा २० लाख रुपैंयासम्म प्रदान गर्ने भएका छन् । बोलकबोलमा प्रस्तुत १५५ खेलाडीमध्ये सबैभन्दा बढी २० लाख रुपैंयामा आसिफ सेख लुम्बिनी लायन्स टिममा अनुबन्धित भए थिए । यस्तै चार खेलाडी १५ लाख रुपैंयामा अनुबन्धित भएका थिए । यस्तै प्रत्येक टिममा दुई-दुई जना स्थानीय युवा खेलाडीले पनि खेल्ने मौका पाएका छन् । यसका लागि प्रतिभा छनोट शिविर सञ्चालन गरिएको थियो ।

**पूर्वाधार थप**

बिगत २५ वर्षदेखि क्रिकेट प्रतियोगिता हुँदै आएको कीर्तिपुरस्थित क्रिकेट मैदानमा गत वर्ष बनाइएका पूर्वाधारमा थप निर्माण तथा मर्मतसम्भार गरिएको छ । त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानको स्तरोन्नति गरेर अघिल्लो संस्करणका व्यवस्थापकीय कमजोरीहरू सुधार्ने प्रयास गरिएको छ । छ । विशेषतः प्याराफिटमा दर्शक क्षमता बढाउनुका साथै छाना छाउने काम र शौचालयहरू थपिएका छन् । व्यवस्थित मिडिया बक्स बनाइएको छ । मैदान वरपर धुलो नउड्ने अवस्था आओस् भनी आवश्यक व्यवस्था मिलाइएपछि आगामी दिनमा कीर्तिपुरमा आयोजना हुने अन्य प्रतियोगिताका लागि पनि सहज हुने भएको छ ।

**करोडौं पुरस्कार**

एनपिएल क्रिकेट नेपाली खेलकुद जगतमा हालसम्मकै सर्वाधिक करोडौं नगद पुरस्कार प्रदान गर्ने प्रतियोगिता बन्न पुगेको छ । प्रतियोगितामा सर्वोत्कृष्ठ खेल प्रदर्शन गर्ने एकजना नेपाली खेलाडीलाई मोटर कार पुरस्कार प्रदान गरिने भएपछि यो प्रतियोगिताप्रति खेलाडीहरूको आकर्षण अझ बढ्न पुगेको छ । पहिलो प्रतियोगितामा दिपेन्द्रसिंह ऐरी र दोस्रो प्रतियोगितामा रोहित पौडेलले प्रतियोगिता अवधिभरकै सर्वोत्कृष्ट खेलाडी बनेर मोटर कार पुरस्कार पाएका थिए । यसरी लाखौंको पुरस्कार पाएपछि ती खेलाडीहरूलाई आगामी दिनमा अझ राम्रो प्रदर्शन गर्न प्रोत्साहित गर्नेछ । नयाँ पिँढीलाई पनि खेलकुदतर्फ आकर्षण गर्न यस्ता पुरस्कारले भूमिका खेल्न सक्दछ । विगतका वर्ष जस्तै यसपालि पनि एनपिएलका विजेता टिमले करोडौं राशिको नगद पुरस्कार पाउने छन् । प्रतियोगितामा दोस्रोदेखि चौथो हुने टिमहरूले पनि लाखौं पुरस्कार पाउने छन् भने उत्कृष्ठ व्यक्तिगत प्रदर्शन गर्नेहरूले पनि विभिन्न आकर्षक पुरस्कार प्राप्त गर्नु छन् ।

**नेपाली खेलाडीको अवसर**

एनपिएल नेपाली खेलाडीकालागि ठूलो अवसर मानिएको छ । अन्तर्राष्ट्रिय रूपमा ख्याती आर्जन गरिसकेका खेलाडीसँग व्यक्तिगत रूपमा चिनाजानी हुनुका साथै एउटै टिममा रहेर खेल्न पाउनु नेपाली खेलाडीहरूका लागि पनि गौरवको विषय हो । सञ्चार माध्यममा देखेका प्रसिद्ध खेलाडीहरूको खेल शैली तथा व्यावसायिक संस्कारबाट नेपाली खेलाडीहरूले धेरै कुरा सिक्न सक्छन् । यसबाट भोलिको दिनमा नेपालको घरेलु क्रिकेटलाई महत्वपूर्ण योगदान पुग्न सक्दछ ।

नेपाली खेलाडीले आफ्नो खेल देखाउने अवसरका रूपमा पनि एनपिएललाई लिन सकिन्छ । यदि राम्रो खेल प्रदर्शन गर्न सकिएको खण्डमा विश्वका विभिन्न मुलुकमा हुने फ्रेन्चाइज प्रतियोगिताहरूमा प्रवेश पाउनसक्ने सम्भावना पनि देखिएको छ । प्रतिभा पहिचानको माध्यमबाट एनपिएल खेल्ने मौका पाएका युवा खेलाडीका लागि आगामी दिनमा राष्ट्रिय टिम टिमको ढोका खोल्ने माध्यम यही प्रतियोगिता बन्न सक्दछ ।

**सबैले सबैसँग खेल्नुपर्ने**

एनपिएल क्रिकेटमा कूल ३२ वटा खेल हुनेछन् । आठ टोलीले लिग चरणमा एक-अर्कासँग खेल्नेछन् । यसरी सबैले सबैसँग खेल्न पाउनु यो प्रतियोगिताको विशेषता हो । त्यसपछि शीर्ष चार टोली प्ले-अफमा पुग्नेछन्, जसमा २८ सिंगल राउण्ड रोबिन तथा चार 'प्ले अफ' खेल सञ्चालन गरिने छ । अन्तिममा फाइनलले बिजेता निर्धारण गर्नेछ । यो प्रतियोगिता आइसिसीको नियम अनुसार हुनेछ ।

**फेन्चाइज क्रिकेट धेरै खेल्ने नेपाली**

नेपाली क्रिकेट खेलाडीहरूमध्ये सन्दिप लामिछानेले सबैभन्दा धेरै विदेशी फ्रेन्चाइज लिग खेलेका छन् । उनले विभिन्न क्लबमा व्यावसायिक खेलाडीका रूपमा आबध्द भएर विभिन्न प्रिमियर लिग खेलिसकेका छन् । भारतको इण्डियन प्रिमियर लिगमा दिल्ली क्यापिटल्सका तर्फबाट खेलेका लामिछानेले अष्ट्रेलियाको बिग ब्यास लिग मेलबर्न स्टार्स र होबार्ट हेरिकेन्सका तर्फबाट खेलिसकेका छन् । क्यारेबियन प्रिमियर लिगमा सेण्ट किटस एण्ड नेभिस पेट्रियट्स, बार्वाडोस ट्राइडेण्टस तथा जमैका तालावाजबाट खेलेका लामिछानेले पाकिस्तान सुपर लिगमा लाहोर कलन्दर्सबाट तथा लङ्का प्रिमियर लिगमा जाफ्ना किंग्सबाट तथा ग्लोबल टी २० क्यानडामा भ्यानकुभर नाइटसका तर्फबाट खेलिसकेका छन् ।

अन्य नेपाली क्रिकेट खेलाडीहरूले पनि विभिन्न विदेशी फ्रेन्चाइज क्रिकेट खेलिसकेका छन् । नेपाली अलराउण्डर दिपेन्द्रसिंह ऐरीले ग्लोबल टी २० क्यानडा, इण्टरनेशनल लिग टि २० युएई, स्कटिस सुपर १०, युरोपियन टी २० लगायतका फ्रेन्चाइज लिग खेलिसकेका छन् । यसैगरी रोहित पौडेल र सोमपाल कामीले ग्लोबल टी २० क्यानडालगायतका फ्रेन्चाइज लिगमा सहभागिता जनाएका थिए । यसअघि नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्व कप्तान पारस खडकाले टी १० लिग अबुधावीमा खेलेका थिए ।

**प्रसिद्ध फ्रेन्चाइज लिगहरू**

विश्वका विभिन्न मुलुकमा फेन्चाइज लिग क्रिकेट प्रतियोगिता सचालन हुने गरेका छन् । विश्वकै सबैभन्दा ठूलो फ्रेन्चाइज लिगका रूपमा इण्डियन प्रिमियर लिग आइपिएललाई लिने गरिएको छ । सन् २००८ मा भारतमा आइपिएलको सुरुवात भएको थियो । भारतमा महिलाहरूको वुमन्स प्रिमियर लिग पनि आयोजना हुँदै आएको छ । यस्तै सन् २०११ मा अष्ट्रेलियामा बिग ब्यास लिग बिबिएल सुरु भएको थियो ।

सन् २०१२ मा बङ्गलादेशमा बङ्गलादेश प्रिमियर लिग बिबिएल, सन् २०१३ मा वेष्ट इण्डिजमा क्यारेबियर प्रिमियर सिपिएल तथा सन् २०१६ मा पाकिस्तानमा पाकिस्तान सुपर लिग पिएसएल प्रारम्भ भएको थियो । सन् २०२० मा श्रीलङ्कामा लङ्का प्रिमियर लिग एलपिएल सुरु भएको थियो । इङ्गल्याण्डमा सन् २०२१ देखि दहन्ड्रेड सुरु भएको थियो । सन् २०२३ देखि दक्षिण अफ्रिकामा एसए २० सुरु भएको थियो ।

**नयाँ ब्राण्ड स्थापित**

नेपाली खेलकुद जगतमा एनपिएल एउटा ठूलो ब्राण्डका रूपमा स्थापित हुन पुगेको छ । निजी क्षेत्रको विशेष चासो तथा लगानीका कारण एनपिएल ब्राण्ड दिनहुँ बृहत बन्दै गइरहेको छ । एनपिएलको माध्यमबाट मनोरन्जनका साथै व्यवसाय प्रवर्द्धनको उचित सम्भावना बढ्दै गएको छ । सामाजिक माध्यम, टेलिभिजन होस् वा डिजिटल प्लेटफार्मको माध्यमबाट एनपिएल ब्राण्ड व्यापक बनिरहेको छ । एनपिएलमा मिलोमतोमा खेल खेले आइसिसीको नियमअनुसार कारवाही गरिने भएपछि यो प्रतियोगिताको विश्वसनियता बढ्ने भएको छ । क्रिकेट म्याचका बेला कुनै प्रकारको सट्टाबाजी हुन नदिन विशेष सतर्कता अपनाइने भएको छ ।

यस प्रतियोगिताले नेपाल अन्तर्राष्ट्रिय स्तरका क्रिकेट प्रतियोगिताहरू आयोजना गर्न उपयुक्त स्थल रहेको सन्देश विश्व अन्तर्राष्ट्रिय समुदायलाई दिनेछ । यही प्रतियोगिताको माध्यमबाट नेपाल आउने विभिन्न देशका खेलाडी, अम्पायर लगायत अन्य पदाधिकारीले नेपालको अनुभव विदेशमा फैलाउने छन् ।टेलिभिजनको प्रत्यक्ष प्रसारणबाट नेपालको सकारात्मक सन्देश विश्वमाझ फैलाउने यो स्वर्णिम अवसर हो । क्रिकेटका ख्याती प्राप्त अन्तर्राष्ट्रिय टेलिभिजन कमेण्टेटरहरूले एनपिएल क्रिकेटका क्रममा गरेको प्रत्यक्ष प्रसारणको माध्यमबाट नेपालको व्यापक मात्रामा प्रचार प्रसार हुनेछ ।

दसैंको टीका-जमराको रौनकपछि अब नेपाली क्रिकेट मैदानमा चौका-छक्काको रौनक छाउनेछ । नेपाली क्रिकेटले नयाँ उचाइको खोजी गर्नेछ । एनपिएल एउटा प्रतियोगिता मात्र नभई क्रिकेटको नयाँ पर्वको रूपमा पनि स्थापित हुँदैछ । यसले नेपाली क्रिकेटको व्यावसायिक यात्रालाई समायोचित रूपमा अगाडि बढाउँदै अन्तर्राष्ट्रिय पहिचानको सम्भावनालाई समेत थप बलियो बनाउने अपेक्षा गरिएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*


## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अवस्थित यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैडासहित विभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# पठन संस्कृतिको पुनर्जागरण

**प्रेमनारायण भुसाल**
काठमाडौँ, ६ कात्तिक (रासस)।

केही समयअघि कक्षा ७ मा अध्ययनरत विद्यार्थीले सोधेको प्रश्नले मलाई निकै गम्भीर भएर सोच्न बाध्य बनायो। एक जना प्रसिद्ध नेपाली साहित्यकारको कथा पढिरहेका थियौँ। करिब पाँच पृष्ठ लामो त्यस कथाले मानवीय संवेदनाको सूक्ष्म पक्षलाई कलात्मक ढङ्गले प्रस्तुत गरेको थियो। कथा पढिसकेपछि विद्यार्थीले सोधे, "सर, लेखकले यति लामो कथा किन लेखेका होलान्? यो कुरा त एक दुई वाक्यमै भन्न सकिन्थ्यो नी!"

मैले तत्कालै सहज उत्तर दिएँ, "साहित्य भनेकै सामान्य कुरालाई पनि कल्पनाशीलता र कलात्मकताका माध्यमबाट फरक ढङ्गले अभिव्यक्त गर्ने विधा हो।" विद्यार्थीले मेरो उत्तर सुने, तर उनको जिज्ञासा त्यतिमै समाप्त भयो कि भएन, मलाई थाहा भएन तर उनको प्रश्नले भने मेरो मनमा अनेक प्रश्न जन्माइरह्यो। पाँच पृष्ठको कथा पढ्न किन कठिन लाग्न थाल्यो? केही वाक्यमै सूचना प्राप्त गर्न सकिने अवस्थामा मानिसले लामो साहित्यिक रचना पढ्न किन समय खर्च गर्ने? अनि पढ्नु भनेको सूचना प्राप्त गर्नु मात्र हो कि जीवन र जगत्लाई बुझ्ने प्रक्रिया पनि हो? यी प्रश्नको उत्तर खोज्दै जाँदा मलाई अहिलेको शैक्षिक तथा सामाजिक चुनौतीतर्फ ध्यान दिनुपर्ने महसुस भयो। त्यो हो, पठन संस्कृतिमा आइरहेको ह्रास र त्यसले मानिसको कल्पनाशीलता, एकाग्रता, संवेदनशीलता तथा विश्लेषण क्षमतामा पार्नसक्ने प्रभाव।

**सूचना बढ्दैछ, गहिराइ घट्दैछ?**

इन्टरनेटको विस्तारले ज्ञान र सूचनामा मानिसको पहुँच अभूतपूर्व रूपमा बढाएको छ। आज संसारको कुनै कुनामा भएको घटनाबारे केही सेकेन्डमै जानकारी प्राप्त गर्न सकिन्छ। पुस्तकालयमा घण्टौँ खोज्नुपर्ने सामग्री मोबाइलको एउटा स्क्रिनमा उपलब्ध हुन्छ। यसलाई मानव सभ्यताको महत्वपूर्ण उपलब्धि मान्नुपर्छ तर सूचना प्राप्त गर्न सहज हुँदै जानु र गहिरो ज्ञान हासिल गर्नु एउटै कुरा होइन।

आज हामी २०-३० सेकेन्डका रिल्स, छोटा भिडियो र झट्ट हेरेर सकिने सामग्रीमा अभ्यस्त हुँदै गएका छौँ। एउटा भिडियो सकिन नपाउँदै अर्को सामग्री अगाडि आइपुग्छ। एउटा विषयमा केहीबेर सोच्न खोज्दा अर्को दृश्यले ध्यान तान्छ। मनोरञ्जन र सूचनाको यो निरन्तर प्रवाहले तत्काल आनन्द त दिन्छ तर लामो समयसम्म एउटै विषयमा केन्द्रित हुने, त्यसका विभिन्न पक्ष केलाउने र निष्कर्षमा पुग्नुअघि पर्याप्त सोचविचार गर्ने अभ्यासलाई कमजोर बनाउँदै लगेको छ। प्रविधिलाई दोष दिएर मात्र समस्याको समाधान हुँदैन। इन्टरनेट आफैँमा ज्ञानको स्रोत हो। समस्या यसको प्रयोगको उद्देश्य, समय र तरिकामा छ। हामीले प्रविधिलाई ज्ञानको गहिराइमा पुग्ने माध्यम बनाइरहेका छौँ कि क्षणिक मनोरञ्जनको अन्तहीन चक्रमा आफूलाई सीमित गरिरहेका छौँ भन्ने प्रश्न महत्त्वपूर्ण छ।

पठनको अर्थ अक्षर चिन्नु वा सूचना सङ्कलन गर्नुमात्र होइन। पढ्नु भनेको लेखकले प्रस्तुत गरेको विचारसँग संवाद गर्नु, त्यसका पक्ष विपक्षमा सोच्नु, पात्रको मनोविज्ञान बुझ्नु, घटनाको सम्भावित परिणाम अनुमान गर्नु र आफ्नै धारणा माथि प्रश्न उठाउनु पनि हो। यस्तो अभ्यासले मानिसलाई तत्काल देखिएको यथार्थभन्दा पर पुगेर सोच्न सिकाउँछ।

**कल्पनाशीलताको विकास कसरी हुन्छ?**

साहित्य पढ्दा पाठकले प्रत्यक्ष नदेखेका संसारको कल्पना गर्छ। उपन्यासको पात्र कस्तो होला, उसको अनुहारमा कस्तो भाव होला, ऊ किन त्यस्तो व्यवहार गर्दै होला र अब के होला भन्ने प्रश्न पाठकको मनमा उठ्छन्। लेखकले शब्दमार्फत एउटा संसार निर्माण गर्छ। त्यस संसारलाई जीवन्त बनाउने काम पाठकको कल्पनाशीलताले गर्छ। चलचित्र वा भिडियोमा पात्रको अनुहार, आवाज, परिवेश र घटनाक्रम प्रत्यक्ष देखाइन्छ। साहित्यमा भने पाठकले शब्दका आधारमा यी सबै कुरा आफ्नै मनमा निर्माण गर्नुपर्छ। यही प्रक्रियामा कल्पनाशीलता सक्रिय हुन्छ। पाठकले लेखकले दिएको सीमित सङ्केतबाट विस्तृत संसारको परिकल्पना गर्छ। एउटै कथा पढेका दुई व्यक्तिले त्यसका पात्र र घटनालाई फरक ढङ्गले अनुभूत गर्न सक्छन्। साहित्यको सौन्दर्य पनि यही स्वतन्त्रतामा नीहित छ।

कथा पढ्दा हामी पात्रको वर्तमान अवस्था मात्र बुझ्दैनौँ उसले विगतमा भोगेका घटना र भविष्यमा गर्नसक्ने निर्णयबारे पनि सोच्न थाल्छौँ। कुनै पात्रले गरेको गल्तीका कारण खोज्छौँ। उसको निर्णयको परिणाम अनुमान गर्छौं र अर्को परिस्थिति भएको भए के हुन्थ्यो होला भनेर कल्पना गर्छौं। यसरी पठनले सम्भावनाको संसार खोल्छ। सबै कुरा तयार दृश्यका रूपमा हेर्ने बानी बढ्दै गयो भने पाठकले आफैँ कल्पना गरेर रिक्त स्थान भर्ने अवसर पाउँदैन। यसबाट सबैको कल्पनाशीलता घट्छ भन्ने निष्कर्ष निकाल्न नसकिए पनि कल्पना, एकाग्रता र गहन चिन्तनका लागि आवश्यक अभ्यासको अवसर भने गुम्दछ नै।

**ज्ञानभन्दा पर पनि छ पठनको महत्व**

शिक्षण सिकाइमा सामान्यतः ज्ञान, बोध, प्रयोग, विश्लेषण, मूल्याङ्कन र सिर्जनात्मकतालाई उच्चस्तरीय सिकाइका महत्त्वपूर्ण पक्षका रूपमा लिइन्छ। कुनै विषयबारे तथ्य जान्नु ज्ञान हो। त्यसको अर्थ बुझ्नु बोध हो। सिकेको कुरा व्यवहारमा प्रयोग गर्नु प्रयोग हो। त्यसका विभिन्न पक्ष केलाउनु विश्लेषण हो। प्रमाणका आधारमा त्यसको गुणदोष छुट्याउनु मूल्याङ्कन हो। अनि उपलब्ध ज्ञानलाई नयाँ ढङ्गले संयोजन गरेर नवीन विचार वा सिर्जना प्रस्तुत गर्नु सिर्जनात्मकता हो।

सूचनामा मात्र सीमित हुने पठनले यी सबै पक्षलाई समान रूपमा विकसित गर्न सक्दैन। एउटा समाचार पढेर हामी कुनै घटनाबारे जानकार हुन सक्छौँ तर घटनामा संलग्न व्यक्तिको मनोविज्ञान, सामाजिक परिवेश र निर्णयका जटिल कारण बुझ्न थप अध्ययन र चिन्तन आवश्यक पर्छ। साहित्यले यस्ता पक्षमा प्रवेश गर्ने अवसर दिन्छ। यसको अर्थ समाचार, विज्ञानसम्बन्धी सामग्री वा इन्टरनेटबाट प्राप्त ज्ञान महत्त्वविहीन हुन्छ भन्ने होइन। तथ्यले संसारबारे जानकारी दिन्छ भने साहित्यले त्यही संसारमा बाँचिरहेका मानिसका अनुभूति, द्वन्द्व, पीडा, आशा र आकाङ्क्षा बुझ्न सहयोग गर्छ।

यस सन्दर्भमा भावनात्मक बुद्धिमत्ताको चर्चा पनि सान्दर्भिक हुन्छ। आफ्ना भावना पहिचान गर्नु, तिनलाई व्यवस्थापन गर्नु, अरूको भावनाप्रति संवेदनशील हुनु र परिस्थितिअनुसार व्यवहार गर्नसक्नु जीवनका महत्त्वपूर्ण सीप हुन्। साहित्यिक कृतिमा प्रस्तुत पात्रका अनुभवसँग पाठकले आफूलाई जोड्न सक्छ। आफूभन्दा फरक सामाजिक, आर्थिक र सांस्कृतिक पृष्ठभूमिका व्यक्तिका दुःख र सङ्घर्ष बुझ्ने अवसर पाउँछ। यसले सहानुभूति र समानुभूतिको अभ्यासलाई प्रोत्साहित गर्छ।

कथाको कुनै पात्रसँग असहमत हुँदाहुँदै पनि पाठकले उसले त्यस्तो निर्णय किन गऱ्यो भन्ने बुझ्ने प्रयास गर्छ। वास्तविक जीवनमा पनि अरूको व्यवहारलाई तत्काल गलत ठहर गर्नुभन्दा त्यसका कारण खोज्ने बानी उपयोगी हुन्छ। यस अर्थमा साहित्य जीवनको प्रयोगशाला हो, जहाँ हामी अरूका अनुभवबाट सिक्न सक्छौँ र आफ्नै धारणाको समीक्षा गर्न सक्छौँ।

**पुराना पुस्तक किन पढ्ने?**

आज नयाँ पुस्ताका विद्यार्थीले पुराना कथा, उपन्यास र कविताको उपयोगितामाथि प्रश्न उठाउनु अस्वाभाविक होइन। उनीहरूलाई आवश्यक जानकारी इन्टरनेटमा उपलब्ध छ। छोटो भिडियोले इतिहास, विज्ञान वा सामाजिक घटनाको सार बताइदिन सक्छ। त्यसैले लामो पुस्तक पढ्नुपर्ने कारण के हो भन्ने प्रश्न उनीहरूमा उठ्नु स्वाभाविक छ। पुरानो पुस्तक पढ्नुको उद्देश्य विगतका सबै विचारलाई जस्ताकोतस्तै स्वीकार गर्नु होइन। कुनै समयको समाज, मान्यता, सङ्घर्ष र मानवीय सम्बन्धलाई बुझ्नु हो। समय, प्रविधि र सामाजिक संरचना परिवर्तन भए पनि प्रेम, ईर्ष्या, लोभ, करुणा, अन्याय, आकाङ्क्षा र आत्मसम्मानजस्ता मानवीय अनुभूति विभिन्न रूपमा दोहोरिइरहन्छन्।

पुरानो साहित्य पढ्दा हामी विगतलाई मात्र बुझ्दैनौँ, वर्तमानलाई हेर्ने नयाँ दृष्टि पनि प्राप्त गर्छौं। कुनै समय सामान्य मानिएको व्यवहार आज अन्यायपूर्ण लाग्न सक्छ। कुनै पात्रको निर्णयले हामीलाई तत्कालीन सामाजिक संरचनाको सीमितता बुझाउन सक्छ। यसरी साहित्यले इतिहास, समाज र मानवीय चेतनाबीच सम्बन्ध स्थापित गर्छ। पुस्तक पढ्नु भनेको सबै निष्कर्ष लेखकबाटै प्राप्त गर्नु पनि होइन। असल पाठक लेखकसँग असहमत हुन सक्छ, उसका तर्कमाथि प्रश्न उठाउन सक्छ र फरक निष्कर्ष निकाल्न सक्छ। यही स्वतन्त्र चिन्तनको अभ्यासले व्यक्तिलाई सूचनाको उपभोक्ता मात्र नभई विवेकशील पाठक बनाउँछ।

**पठन संस्कृति फर्काउने जिम्मेवारी**

पठन संस्कृतिको विकासका लागि विद्यालय, विश्वविद्यालय, परिवार र समाज सबैको भूमिका हुन्छ। पाठ्यपुस्तकको परीक्षा उत्तीर्ण गर्न आवश्यक सामग्री मात्र पढेर विद्यार्थीको बौद्धिक तथा भावनात्मक विकासका सबैपक्ष समेटिँदैनन्। उनीहरूलाई पाठ्यक्रम बाहिरका कथा, उपन्यास, जीवनी, नाटक, कविता र विचारप्रधान पुस्तकसँग पनि परिचित गराउनुपर्छ।

विद्यालयमा पुस्तक पढेर त्यसको सार लेख्न लगाउने, विद्यार्थीलाई पात्रको निर्णयबारे छलफल गर्न, कथाको वैकल्पिक अन्त्य कल्पना गर्न, लेखकसँग असहमत हुने आधार प्रस्तुत गर्न र पुस्तकले उठाएका प्रश्नलाई वर्तमान जीवनसँग जोड्न प्रेरित गर्नुपर्छ। पुस्तक पढेपछि त्यसबारे स्वतन्त्र बहस गर्ने वातावरणले पठनलाई बोझ होइन, बौद्धिक आनन्दको स्रोत बनाउन सक्छ।

लामो बिदा पनि यसका लागि उपयुक्त अवसर हुन सक्छ। दसैं, तिहारजस्ता पर्वका बिदामा बालबालिकालाई उनीहरूको रुचि र उमेरअनुसारका पुस्तक उपलब्ध गराउन सकिन्छ। पुस्तक पढेपछि त्यसबारे परिवारमा छलफल गर्ने, मन परेको अंश सुनाउने वा आफ्नै शब्दमा प्रतिक्रिया लेख्ने अभ्यास गर्न सकिन्छ। पुस्तक पढ्ने विद्यार्थीलाई सानो उपहार दिने, पुस्तकालय भ्रमण गराउने र साथीहरूसँग पुस्तक साटासाट गर्ने कार्यक्रमले पनि उनीहरूको रुचि बढाउन सक्छ। तर बालबालिकालाई 'मोबाइल नहेर, किताब पढ' भनेर निर्देशन दिँदै अभिभावक आफैँ निरन्तर मोबाइलमा व्यस्त रहनु प्रभावकारी हुँदैन। बालबालिकाले हामीले भनेका कुरा मात्र होइन, गरेका काम पनि नियालिरहेका हुन्छन्। त्यसैले उनीहरूका अगाडि अभिभावकले पुस्तक पढ्ने, लेख्ने र विचारमाथि छलफल गर्ने बानी बसाल्नुपर्छ। शिक्षकले पनि पाठ्यपुस्तक पढाउने व्यक्तिको भूमिकामा मात्र सीमित नभई आफू स्वयं पाठक भएको उदाहरण प्रस्तुत गर्नुपर्छ।

पठन संस्कृतिको पुनर्जागरणको लागि ग्याजेटको

*बाँकी अन्तिम पृष्ठमा*

# विश्व समाचार

## तिब्बतमा भूकम्प, १६ जनाको मृत्यु

बेइजिङ, ६ कात्तिक (रासस/एएफपी)।

चीनको दुर्गम तिब्बत क्षेत्रमा बिहीबार राति गएको ७.० म्याग्निच्युडको भूकम्पमा परी कम्तीमा १६ जनाको मृत्यु भएको छ भने ४६ जना घाइते भएका छन्। भूकम्पका कारण ३३९ वटा घर भत्किएका वा क्षतिग्रस्त भएका छन्। उद्धारकर्मीहरूले प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्य जारी राखेका छन्।

चिनियाँ सरकारी सञ्चारमाध्यमका अनुसार घाइतेमध्ये ११ जनाको अवस्था गम्भीर छ। बिहीबार राति १०:३३ बजे गएको भूकम्पपछि अधिकारीहरूले क्षतिको विवरण सङ्कलन गरिरहेका छन् भने राहत कार्य पनि जारी छ।

चाइना सेन्ट्रल टेलिभिजन (सिसिटिभी) ले सार्वजनिक गरेको दृश्यमा भूकम्पपछि मानिसहरू रेस्टुरेन्टबाट बाहिर निस्किएको र सुपरमार्केटका सामानहरू दराजबाट खसेको देखिएको छ। उद्धारकर्मीहरूले क्षतिग्रस्त भवनमा खोजी गर्नुका साथै घाइतेहरूलाई सुरक्षित स्थानमा पुऱ्याइरहेका छन्।

अमेरिकी भूगर्भीय सर्वेक्षणका अनुसार भूकम्पको केन्द्र नागकुबाट करिब १९० किलोमिटर पूर्व-उत्तरपूर्व र क्षेत्रीय राजधानी ल्हासाबाट ३९० किलोमिटर उत्तरपूर्वमा थियो। भूकम्पको केन्द्र जमिनको सतहबाट करिब १० किलोमिटर गहिराइमा रहेको थियो।

भूकम्पको केन्द्र बाकेन काउन्टीको मारु बस्तीमा परेको सिन्ह्वाले जनाएको छ। बस्तीका उपप्रमुख लावाङ डापोले भूकम्पको धक्का कार्यालयमा स्पष्ट रूपमा महसुस भएको र भवनका पर्खालमा चिरा परेको बताउनुभएको छ। भूकम्पपछि काउन्टीको सदरमुकाममा विद्युत् तथा दूरसञ्चार सेवा अवरुद्ध भएको छ।

सिसिटिभीका अनुसार प्रभावित क्षेत्रमा तेस्रो तहको भूकम्पीय विपद् आपत्कालीन प्रतिक्रिया सक्रिय पारिएको छ। उद्धारका लागि ३०० भन्दा बढी प्रहरी अधिकारी र क्षेत्रीय अग्नि तथा उद्धार टोलीका ३४७ जना कर्मचारी परिचालन गरिएको सिन्ह्वाले जनाएको छ। उद्धारकर्मीहरूले क्षतिग्रस्त भवनभित्र खोजी गरिरहेका छन् भने थप उद्धारका लागि सैनिक परिचालन गर्ने तयारी गरिएको छ।

चीनमा भूकम्प जाने घटना तुलनात्मक रूपमा सामान्य मानिन्छ। यसअघि सन् २०२५ को जनवरीमा तिब्बतको टिङ्री काउन्टीमा गएको भूकम्पमा कम्तीमा १२६ जनाको मृत्यु भएको थियो। सन् २०२३ को डिसेम्बरमा उत्तरपश्चिम चीनको गान्सु प्रान्तमा गएको भूकम्पमा कम्तीमा १२७ जनाको मृत्यु भएको थियो।

सन् २०१४ मा दक्षिणपश्चिमी युन्नान प्रान्तमा गएको भूकम्पमा ६०० भन्दा बढी मानिसको मृत्यु भएको थियो। त्यस्तै, सन् २००८ मा सिचुआन प्रान्तमा गएको विनाशकारी भूकम्पमा करिब ९० हजार मानिसको मृत्यु भएको वा बेपत्ता भएका थिए। तीमध्ये करिब पाँच हजार विद्यार्थी थिए।

## युरोपमा गर्मीले ५० हजारभन्दा बढीको मृत्यु

वासिङ्टन, ६ कात्तिक (रासस/एपी)।

यस वर्षको गर्मीयाममा युरोपमा अत्यधिक तापक्रमका कारण ५० हजार ३९१ जनाको मृत्यु भएको र तीमध्ये करिब दुई तिहाइ मृत्युमा मानव गतिविधिबाट उत्पन्न जलवायु परिवर्तन जिम्मेवार रहेको नयाँ अध्ययनले देखाएको छ।

अनुसन्धानकर्ताहरूले जुनदेखि अगस्टसम्म युरोपका ८५४ सहरमा गरेको अध्ययनअनुसार ३२ हजार ६१९ जनाको मृत्यु जलवायु परिवर्तनका कारण थपिएको तापक्रमसँग सम्बन्धित थियो। यो सन् २०२२ को गर्मीयाममा भएको २९ हजार ४८० मृत्युको तुलनामा ७१ प्रतिशत बढी हो। अध्ययनमा युरोपको करिब ४० प्रतिशत जनसङ्ख्या मात्रै समेटिएकाले वास्तविक मृत्युसङ्ख्या अझ बढी हुन सक्ने अनुसन्धानकर्ताहरूले बताएका छन्।

इम्पेरियल कलेज लन्डनकी जलवायु वैज्ञानिक तथा अध्ययनकी प्रमुख लेखक क्लेयर बार्न्सका अनुसार जीवाश्म इन्धन जलाउँदा बढेको तापक्रमले सामान्यतः असहज हुने गर्मीलाई खतरनाक र ज्यानै लिन सक्ने अवस्थामा पुऱ्याएको छ। युरोपको तापक्रम औद्योगिक युगअघिको तुलनामा २.५ डिग्री सेल्सियस बढिसकेको छ। यस गर्मीयाममा केही सहरको तापक्रम सामान्यभन्दा १२ डिग्री सेल्सियससम्म बढी पुगेको थियो।

गर्मीका कारण सबैभन्दा बढी मृत्यु इटाली, फ्रान्स, स्पेन र जर्मनीमा भएको थियो। मृतकमध्ये आधाभन्दा बढी ८५ वर्ष वा सोभन्दा बढी उमेरका थिए। तर, २० देखि ४४ वर्ष उमेर समूहका ८०० भन्दा बढी व्यक्तिको पनि गर्मीका कारण मृत्यु भएको अध्ययनका सहलेखक ग्यारीफलोस कोन्स्टान्टिनोडिसले बताउनुभएको छ।

अनुसन्धानकर्ताहरूले जलवायु परिवर्तन नभएको अवस्थाको कम्प्युटर नमूनालाई वास्तविक तापक्रम र मृत्युदरसँग तुलना गरेर जलवायु परिवर्तनको प्रभाव आकलन गरेका थिए। अध्ययनअनुसार गर्मीसम्बन्धी मृत्युमध्ये जलवायु परिवर्तनको हिस्सा सन् २००० को दशकको सुरुआतमा ४५ प्रतिशत रहेकामा अहिले ६५ प्रतिशत पुगेको छ।

अनुसन्धानमा सहभागी नभएका विज्ञहरूले गर्मीको पूर्वचेतावनी प्रणाली, शीतलन सुविधामा समान पहुँच र जोखिममा रहेका मानिसलाई सहयोग गर्ने व्यवस्था विस्तार गर्नुपर्ने बताएका छन्। उनीहरूले गर्मीबाट तत्काल जोगिने उपायसँगै जलवायु परिवर्तनको मूल कारण बनेको जीवाश्म इन्धनको प्रयोग घटाउनुपर्नेमा जोड दिएका छन्।

# पाकिस्तानका कप्तान फरहानले कर्णाली याक्सबाट एनपिएल खेल्ने

काठमाडौं, ६ कात्तिक (रासस)।

पाकिस्तान टी-२० टोलीका कप्तान साहिबजादा फरहानले तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) २०२६ कर्णाली याक्सबाट खेल्ने भएका छन्।

कर्णालीले शुक्रबार उनलाई टोलीमा अनुबन्ध गरेको औपचारिकरूपमा जानकारी दिएको हो।

"टी-२० विश्वकप २०२६ का सर्वाधिक रन बनाउने साहिबजादा फरहानलाई अब कर्णाली याक्समा स्वागत छ," टोलीले सामाजिक सञ्जालमा उल्लेख गरेको छ।

फरहानले सन् २०२६ मा भारत र श्रीलङ्कामा आयोजित आइसिसी टी-२० विश्वकपमा उत्कृष्ट प्रदर्शन गर्दै विश्व क्रिकेटमा आफ्नो छाप छाडेका थिए। उनले प्रतियोगितामा छ खेल खेल्दै दुई शतकसहित ३८३ रन बनाएका थिए।

उनले प्रतियोगितामा बनाएको ३८३ रन एकै संस्करणको पुरुष टी-२० विश्वकपमा कुनै पनि ब्याटरले बनाएको सर्वाधिक रन हो। ३० वर्षीय दायाँहाते ब्याटर फरहान पाकिस्तानका लागि एकदिवसीय र टी-२० अन्तरराष्ट्रिय क्रिकेट खेलिसकेका अनुभवी खेलाडी हुन्।

उनले पाकिस्तानका लागि ५१ टी-२० अन्तरराष्ट्रिय खेलमा दुई शतक र १३ अर्धशतकसहित एक हजार ५५४ रन बनाएका छन्।

समग्र टी-२० क्रिकेटमा उनले १८६ खेलबाट नौ शतक र ३८ अर्धशतकसहित पाँच हजार ७७५ रन बनाइसकेका छन्। उनले व्यावसायिक क्रिकेटमा हालसम्म लङ्का प्रिमियर लिग (एलपिएल), पाकिस्तान सुपर लिग (पिएसएल) र बङ्गलादेश प्रिमियर लिग (बिपिएल) खेलेका छन्।

फरहानका लागि एनपिएल चौथो विदेशी लिग हुनेछ। कर्णाली याक्सले यसअघि पाकिस्तानका अलराउन्डर हुसेन तलत, बङ्गलादेशका अक्बर अली र अरिफुल इस्लामलाई पनि टोलीमा अनुबन्ध गरिसकेको छ।

एनपिएलको तेस्रो संस्करण यही कात्तिक ९ देखि कीर्तिपुरस्थित अन्तरराष्ट्रिय क्रिकेट मैदानमा सुरु हुनेछ।

### दशैंको रौनकसँगै ...

अबको चुनौती भनेको एनपिएललाई हरेक वर्ष आयोजना गर्ने प्रतियोगितामा मात्र सीमित नराखी नेपाली क्रिकेटको दीर्घकालीन विकाससँग पनि यसलाई जोडनु पर्दछ।

यस प्रतियोगिताको माध्यमबाट घरेलु प्रतिभालाई निरन्तर अवसर दिँदै व्यावसायिक वातावरण निर्माण गर्न सकियो भने एनपिएल नेपाली क्रिकेटको भविष्य निर्माण गर्ने महत्त्वपूर्ण आधार बन्नसक्ने कुरामा आशावादी हुन सकिन्छ। नेपाली समाजलाई एकतामा जोडेको दसैँको सेरोफेरोमा आयोजना गरिएको एनपिएलले नेपाली क्रिकेटप्रेमीलाई एउटै भावनामा जोड्ने अवसर दिएको छ। यो प्रतियोगितालाई केवल उपाधिका लागि हुने प्रतिस्पर्धाका रूपमा मात्र नहेरी नेपाली क्रिकेटको नयाँ सम्भावना, नयाँ सपना र नयाँ यात्राको उत्सवका रूपमा हेर्नु पर्नेछ। यसबाट नेपाली क्रिकेटले नयाँ उचाइको खोजी गर्ने आशा गर्न सकिन्छ।

# ३,१५६ पाउन्डको फर्सीले विश्व कीर्तिमान बनाउने सम्भावना

हाफ मुन बे (क्यालिफोर्निया), ६ कात्तिक (रासस/एपी)।

अमेरिकाको रोड आइल्यान्डमा उत्पादित तीन हजार १५६ पाउन्ड (करिब एक हजार ४३१ किलोग्राम) तौलको विशाल फर्सीले विश्वकै सबैभन्दा भारी फर्सीको कीर्तिमान तोड्ने सम्भावना देखिएको छ। हाल कायम कीर्तिमानभन्दा करिब ३०० पाउन्ड (१३६ किलोग्राम) बढी तौल भएको उक्त फर्सीको विश्व कीर्तिमानका लागि आधिकारिक पुष्टि हुन बाँकी छ।

रोड आइल्यान्डको ग्रीनका उत्पादक रोन वालेसले न्यु इङ्ल्यान्डमा आयोजित प्रतियोगितामा आफ्नो फर्सीको तौल गराउनुभएको थियो। उहाँले करिब एक साताअघि इङ्ल्यान्डका एक उत्पादकले बनाएको कीर्तिमान तोडेको पुष्टि गर्न गिनिज वर्ल्ड रेकर्ड्सको प्रतीक्षा गरिरहनुभएको छ। गिनिजका अधिकारीहरूसँग सम्पर्कमा रहनुभएका वालेसले आफ्नो कीर्तिमान प्रमाणित हुने प्रक्रियामा रहेको जानकारी पाएको बताउनुभयो।

"यो साँच्चिकै विशाल छ। यस्तो फर्सी उब्जाउन पाउँदा खुसी लागेको छ", उहाँले सोमबार टेलिफोनमा भन्नुभयो।

गिनिज वर्ल्ड रेकर्ड्सका अनुसार हाल इङ्ल्यान्डको लिमिङटनका इयान प्याटनले उब्जाउनुभएको दुई हजार ८५७ पाउन्ड (एक हजार २९६ किलोग्राम) तौलको फर्सी सबैभन्दा भारी फर्सीको कीर्तिमानमा सूचीकृत छ। प्याटनले अक्टोबरमा उक्त कीर्तिमान बनाउनुभएको थियो। गिनिजका अधिकारीहरूले यस विषयमा टिप्पणी गर्न गरिएको अनुरोधको जवाफ दिएका छैनन्।

विश्वभरका उत्पादकले यस महिना आफ्ना फर्सीलाई सबैभन्दा भारी घोषित गराउने लक्ष्यसहित विभिन्न प्रतियोगितामा भाग लिइरहेका बेला वालेसको फर्सीले नयाँ कीर्तिमान कायम गर्ने सम्भावना देखिएको हो। उत्तरी क्यालिफोर्नियामा सोमबार आयोजित अर्को प्रमुख प्रतियोगितामा मिनेसोटाका उत्पादकले लगातार पाँचौं पटक उपाधि जित्नुभएको छ।

वालेसले आफ्नो स्थानीय प्रतियोगितामा तीन हजार ५०० अमेरिकी डलर पुरस्कार प्राप्त गर्नुभयो। उहाँका अनुसार केही अन्य प्रतियोगिताले ७० हजार डलरसम्मको पुरस्कार दिने प्रस्तावसहित आकर्षित गर्न खोजेका थिए। तर, कीर्तिमान बनाउने अवसरमा आफ्नो गृहनगरका मानिसको साथ र समर्थन पाउनु उहाँका लागि बढी महत्त्वपूर्ण थियो।

फर्सीको तौल सार्वजनिक गरिएको क्षण सम्झँदै उहाँले भन्नुभयो, "म निकै खुसी भएँ। त्यहाँको वातावरण एकाएक उत्साहले भरिएको थियो।"

वालेसले विशाल फर्सी उत्पादन गर्ने समुदायबाट आफूले धेरै सहयोग पाएको बताउनुभयो। उक्त समुदायका सदस्यले सबैभन्दा ठूलो फर्सी उब्जाउने उपाय, अनुभव र सीप एकअर्कासँग खुलस्त बाँड्ने गर्छन्। यस वर्ष पहिलोपटक उहाँले हरितगृहमा फर्सी उब्जाउन थाल्नुभएको थियो। यसले उत्पादनको आकार बढाउन उल्लेखनीय फरक पारेको उहाँको भनाइ छ।

"तीन हजार पाउन्डको फर्सी उत्पादन गर्ने एउटै उपाय भनेको समुदायका सबै मिलेर काम गर्नु हो", उहाँले भन्नुभयो।

अनलाइनमा बगैँचामा प्रयोग हुने सामग्री बिक्री गर्ने व्यवसाय सुरु गरेपछि वालेस फर्सी उत्पादनको यस शौकमा आकर्षित हुनुभएको थियो। अहिले उहाँ विशाल फर्सी उत्पादकको समुदायको हिस्सा हुन पाउँदा गर्व गर्नुहुन्छ। उहाँका अनुसार यस्ता प्रतियोगिताले फर्सी उत्पादकलाई पहिचान दिलाउनुका साथै उनीहरूको अनुभव र सीपलाई पनि स्थापित गर्न मद्दत गर्छन्।

कृषि क्षेत्रका मानिसले माटोको गुणस्तर र खेतीका विभिन्न प्रविधिबारे सल्लाह लिन पछिल्लो समय फर्सी उत्पादकसँग सम्पर्क बढाइरहेको पनि उहाँले बताउनुभयो।

यसैबीच, उत्तरी क्यालिफोर्नियाको हाफ मुन बेमा आयोजित वार्षिक फर्सी तौल प्रतियोगितामा 'रकी' नामको फर्सीले दुई हजार ३८९ पाउन्ड (एक हजार ८३ किलोग्राम) तौलसहित उपाधि जितेको छ। तर यसको तौल वालेसको सम्भावित विश्व कीर्तिमानभन्दा निकै कम छ।

मिनेसोटाका बागवानी शिक्षक ट्राभिस गिएङ्गरले लगातार पाँचौं पटक प्रतियोगिता जित्न आफ्नो फर्सीलाई देशभरि यात्रा गराएर क्यालिफोर्निया ल्याउनुभएको थियो। सान फ्रान्सिस्कोको दक्षिणमा रहेको हाफ मुन बेमा दर्जनौँ विशाल फर्सी उत्पादकलाई पछि पार्दै उहाँले २१ हजार ५०१ अमेरिकी डलर पुरस्कार प्राप्त गर्नुभयो।

गत वर्ष फर्सी बढ्दै गर्दा फुटेपछि गिएङ्गर प्रतियोगितामा सहभागी हुन सक्नुभएको थिएन। यस वर्ष पुनरागमन गर्ने लक्ष्यसहित उहाँले आफ्नो फर्सीको नाम 'रकी' राख्नुभएको थियो। यो नाम अभिनेता सिल्भेस्टर स्टालोनले अभिनय गर्नुभएको चर्चित बक्सरको पात्रबाट प्रेरित थियो।

"पाँचौं पटकको च्याम्पियन, हामी यहाँ यही गर्न आएका हौं", उपाधि जितेपछि गिएङ्गरले भन्नुभयो।

गिएङ्गर र उहाँको परिवारले एउटा सानो कारजत्रो आकारको फर्सी लिएर मिनेसोटाबाट क्यालिफोर्नियासम्म ३५ घण्टा गाडी चलाउनुभएको थियो। प्रतियोगिताका आयोजक रोनान फाउलरका अनुसार गिएङ्गरले मिनियापोलिसको उत्तरमा मिसिसिपी नदीको किनारमा रहेको अनोका सहरस्थित आफ्नै घरको बगैँचामा फर्सी उब्जाउनुभएको हो।

यस वर्ष उहाँले पानी जम्ने तापक्रमभन्दा पनि तल झरेको अत्यधिक चिसोको सामना गर्नुपरेको थियो। भविष्यमा अझ प्रतिस्पर्धात्मक रूपमा फर्सी उब्जाउने हो भने वालेसले जस्तै तापक्रम नियन्त्रण गर्न सकिने वातावरणमा खेती गर्नुपर्ने हुन सक्ने उहाँको भनाइ छ।

फाउलरले भन्नुभयो, "ट्राभिसले ३० डिग्रीजस्तो चिसो तापक्रमको सामना गर्दै पनि यति विशाल फर्सी उब्जाउन सक्नु निकै आश्चर्यजनक छ।"

हाफ मुन बेमा आयोजित ५३औं विश्व च्याम्पियनसिप फर्सी तौल प्रतियोगितामा सयौं मानिस सहभागी भएका थिए। कार्यक्रममा खाना बेच्ने गाडी, सङ्गीत र फर्सीसम्बन्धी ठ्ठासमेत प्रस्तुत गरिएको थियो। दिनको सुरुआतमा 'टिङ्करबेल' नामको फर्सीले सबै भाग मिलेको र आकर्षक आकारको कारण सबैभन्दा सुन्दर फर्सीको उपाधि जित्दा दर्शकले उत्साहपूर्वक स्वागत गरेका थिए।

प्रतियोगितामा फर्सीको प्रतिपाउन्ड नौ अमेरिकी डलरका दरले पुरस्कार रकम गणना गरिएको थियो। गिएङ्गरको विजयी फर्सीलाई यसै सप्ताहान्तमा हाफ मुन बेका सडकमा निकालिने परेडमा प्रदर्शन गरिनेछ। विश्व कीर्तिमान तोड्ने उत्पादकलाई दिइने ३० हजार अमेरिकी डलरको अतिरिक्त पुरस्कार भने गिएङ्गरले प्राप्त गर्न सक्नुभएन।

यति विशाल आकारमा उब्जाइने फर्सी स्वादभन्दा आकारका लागि बढी उपयुक्त हुने भएकाले प्रतियोगिता सकिएपछि पनि फर्सीबाट बनाइने विशाल पाई खान पाइने छैन।

# इजिप्टको प्राचीन मन्दिरमा वर्षमा दुई पटक सूर्यको किरण

अबु सिम्बेल (इजिप्ट), ६ कात्तिक (रासस/एपी)।

इजिप्टको दक्षिणी क्षेत्रमा रहेको तीन हजार वर्ष पुरानो मन्दिरको भित्री भागमा वर्षमा दुई पटक सूर्यको सुनौलो किरण प्रवेश गरी मूर्तिहरूलाई उज्यालो पार्ने दुर्लभ खगोलीय दृश्य हेर्न बिहीबार बिहान सयौं पर्यटक र स्थानीयवासी भेला भएका छन्।

रामसेस द्वितीयको महान् मन्दिरमा हरेक वर्ष अक्टोबर २२ र फेब्रुअरी २२ मा सूर्यको किरण प्रवेश गर्छ। यी मितिहरूलाई प्राचीन इजिप्टका राजा रामसेस द्वितीयको जन्मदिन र सिंहासन आरोहणसँग सम्बन्धित मानिन्छ। मन्दिरको बनावट र सूर्यसँगको यसको विशेष पङ्क्तिबद्धताका कारण भित्री कक्षमा प्रवेश गर्ने प्रकाश करिब २० मिनेटसम्म रहन्छ।

इटालीका पर्यटकका लागि स्थानीय पथप्रदर्शकका रूपमा काम गर्ने हिशाम खेलाले यो दिन विशेष उत्सव र ऐतिहासिक महत्त्वको अवसर भएको बताउनुभयो।

सूर्योदयको दुर्लभ दृश्य हेर्न पर्यटकहरू बिहानैदेखि लामबद्ध भएका थिए। कतिपय पर्यटक रातभर बाहिरै बसेका थिए। मोबाइल फोन र क्यामेराबाट तस्बिर खिच्ने तथा सेल्फी लिनेहरूको भीड मन्दिर परिसरमा लागेको थियो। विशाल मूर्तिहरूको अगाडि भेला भएका पर्यटकहरू साना देखिन्थे। मन्दिर नाइल नदीतर्फ फर्किएको छ।

उत्सवका क्रममा मन्दिर परिसरमा परम्परागत पोसाक लगाएका कलाकारहरूले नृत्य प्रस्तुत गरेका थिए। उनीहरूले घण्टी, तबलाको ताल र प्राचीन इजिप्टको बिगुलजस्तो बाजा मिजमारको धुनमा नृत्य गरेर आगन्तुकलाई मनोरञ्जन दिएका थिए।

मन्दिरको भित्री कक्षमा रामसेस द्वितीय तथा अमुन-रा र रा-होरख्ती देवताका मूर्तिहरू रहेका छन्। सामान्यतया अँध्यारो रहने यस कक्षमा सूर्यको किरण करिब ६० मिटर भित्रसम्म पुगेर मूर्तिहरूलाई उज्यालो पार्छ। नेसनल रिसर्च इन्स्टिच्युट अफ एस्ट्रोनोमी एन्ड जियोफिजिक्सका अनुसार यो दृश्य मन्दिरको वास्तु संरचना र सूर्यको अवस्थाबीचको विशेष सम्बन्धका कारण सम्भव भएको हो।

अमेरिकाको एटलान्टाबाट इजिप्ट पुग्नुभएकी जेनिस साउदीले विशाल मूर्तिहरू र तिनको संरक्षणबाट आफू प्रभावित भएको बताउनुभयो। उहाँले मन्दिरका भित्तामा कुँदिएका आकृति, चित्रलिपि र रङहरूको सुन्दरताले आफूलाई अझ बढी आकर्षित गरेको उल्लेख गर्नुभयो।

सन् १९६० को दशकमा अस्वान उच्च बाँध निर्माणपछि बढ्न सक्ने पानीबाट मन्दिरलाई जोगाउन पुरातत्त्वविद् र इन्जिनियरहरूले ठूलो परियोजना सञ्चालन गरी मन्दिरलाई सुरक्षित स्थानमा सारेका थिए। स्थानान्तरणका क्रममा सूर्यसँग मन्दिरको पङ्क्तिबद्धता कायम राख्न विशेष ध्यान दिइएको थियो। त्यसैले तीन हजार वर्षभन्दा बढी समयपछि पनि वर्षमा दुई पटक सूर्यको किरण मन्दिरको भित्री कक्षसम्म पुग्ने प्राचीन परम्परा निरन्तर छ।

### पठन संस्कृतिको ...

प्रयोगलाई पूर्णत:निषेध गर्न आवश्यक छैन। बरु निश्चित समय डिजिटल उपकरणबाट टाढा रहने, सुत्नुअघि पुस्तक पढ्ने, घरमा सानो पुस्तकालय बनाउने र परिवारका सदस्यले सँगै पढ्ने अभ्यास गर्न सकिन्छ। डिजिटल माध्यमबाटै पनि पूर्ण पुस्तक, साहित्यिक रचना र श्रव्यपुस्तकको उपयोग गर्न सकिन्छ। मुख्य कुरा माध्यमभन्दा पनि पठनको गुणस्तर, निरन्तरता र उद्देश्य हो।

पठन संस्कृति भनेको किताबको सङ्ख्या बढाउनु मात्र होइन; पढेको कुरामाथि सोच्नु, त्यसलाई जीवनसँग जोड्नु र आवश्यकपर्दा आफ्ना धारणासमेत परिवर्तन गर्न तयार हुनु हो। पुस्तकले हाम्रो जीवनलाई सहज बनाउने स्नेह, संवेदना र विवेकको अभ्यास गराउँछ। जसरी इन्जिनलाई सहज रूपमा सञ्चालन गर्न इन्धन आवश्यक पर्छ, त्यसरी नै मानवीय सम्बन्ध र व्यक्तित्वलाई सहज, सन्तुलित तथा संवेदनशील बनाउन पठन संस्कृतिले महत्त्वपूर्ण भूमिका खेल्छ।

आजका बालबालिका समाजका सक्रिय सदस्य पनि हुन्। उनीहरूलाई सूचना प्राप्त गर्नसक्ने बनाउनु आवश्यक छ तर त्यतिले मात्र पुग्दैन। उनीहरूलाई प्रश्न गर्न, कल्पना गर्न, अरूको पीडा बुझ्न, प्रमाणका आधारमा तर्क गर्न र नयाँ सम्भावनाको खोजी गर्नसक्ने बनाउनु पनि उत्तिकै आवश्यक छ। यसका लागि दसैँ, तिहारका बिदालाई केवल घुमफिर र मनोरञ्जनमा सीमित नराखौँ। बालबालिकालाई पुस्तक उपहार दिऔँ, उनीहरूसँगै पढौँ र पढेका कुरा माथि संवाद गरौँ। उनीहरूलाई पढ्न आदेश दिनुभन्दा पढ्ने वातावरण सिर्जना गरौँ किनभने पढ्ने बानी निर्देशनबाट होइन, रुचि, अवसर र उदाहरणबाट विकसित हुन्छ।

आजको आवश्यकता प्रविधिबाट भाग्नु होइन, प्रविधिको उपयोग गर्दै गहिरो पठन र चिन्तनका लागि समय छुट्याउनु हो। हामीले आफ्ना बालबालिकालाई किताबसँग मित्रता गर्न सिकाउन सकेनौँ भने उनीहरू सूचनाले भरिपूर्ण तर अनुभूतिले रिक्त बन्ने जोखिम रहन्छ। उनीहरूलाई पढ्न सिकाउनु भनेको केवल अक्षर बुझ्न सिकाउनु होइन; जीवन बुझ्न, मानिस चिन्न र आफूलाई निरन्तर परिष्कृत गर्न सिकाउनु हो। यस दसैं-तिहारमा सानो प्रयासबाट पठन संस्कृतिको पुनर्जागरण सुरु हुन सक्छ।

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), लेआउट : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np